आयोगको मिति २०६९।९।२० को गोरखापत्रमा प्रकाशित खुला विज्ञापनसम्बन्धी सूचनाअनुसार ईच्छुक उम्मेदवारहरुवाट प्राप्त दरखास्त स्वीकृत गर्ने सम्वन्धमा विभिन्न जिल्लाहरुबाट मौखिक तथा लिखित रुपमा सोधिएका तपसिलबमोजिमका विषयहरुमा निम्नअनुसार गर्न आयोगको मिति २०६९।१०।१४ को बैठकबाट निर्णय भएको हुँदा सोअनुसार गर्नु गराउनु हुन सवै जिल्ला शिक्षा कार्यालयहरु एवं सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

## तपसिल

१. स्नातकोत्तर तहको शैक्षिक योग्यता हासिल गरेर सेवा सुरु गरेको २ वर्षभित्र तालिम पूरा गर्ने सर्तमा अध्यापन अनुमतिपत्र लिएका व्यक्तिहरुले अहिले १० महिने तालिम पूरा गरी अध्यापन अनुमति पत्रको साथमा तालिम पूरा गरेको ट्रान्सक्रिप्ट र चारित्रिक प्रमाणपत्र पेश गरेमा त्यस्ता व्यक्तिहरुले खुला प्रतियोगिताको विज्ञापनमा दरखास्त फाराम भर्न सक्नेछन् ।

२. २०६९ साल कार्तिक २२ गतेसम्म तालिम पूरा नगरेमा स्वतः रद्ध हुने गरी अध्यापन अनुमतिपत्र लिएका र ताकिएको समय (कार्तिक २२ गते) भित्र तोकिएको तालिम ( (शैक्षिक जनशक्ति विकासकेन्द्रले उपलब्ध गराएको १० महिने तालिम वा आइ. एड. वा शिक्षाशास्त्र संकायमा +२, वि. एड र एम एड ) पूरा गरिसकेका उम्मेदवारहरुले साविकको अस्थायी अनुमतिपत्रका साथमा तालिम पूरा गरेको ट्रान्स्कृप्ट र चारित्रिक प्रमाणपत्र पेश गरेमा त्यस्ता उम्मेदवारले आयोगले तोकेको समय (२०६९ पौष मसान्त) भित्र अध्यापन अनुमतिपत्रलाई स्थायीमा परिणत गर्न निवेदन दिएको वा नदिएको भए तापनि दरखास्त स्वीकृत गर्न सकिने छ ।

३. कुनै एक विषय मूल विषयका रुपमा अध्ययन गरेर शिक्षाशास्त्र संकायतर्फबाट +२ र वि. एड. वा एम एड उत्तीर्ण गरेका अनि सोही तहमै कुनै अर्को विषयमा कम्तीमा २०० पूर्णाक अध्ययन गरी उत्तीर्ण गरेका उम्मेदवारले आफूले अध्ययन गरेका विषयमध्ये कुनै एक विषयमा दरखास्त फाराम भर्न आएमा दरखास्त स्वीकृत गर्न सकिने छ ।

४. तल्लो तह (प्रमाणपत्र तह/उच्च माध्यमिक तह वा स्नातक तह) मा एउटा मूल विषय र माथिल्लो तह (स्नातक तह वा स्नातकोत्तर तह) मा अर्को मूल विषय अध्ययन गरेका उम्मेदवारले प्राथमिक निम्नमाध्यमिक वा माध्यमिक तहमा उम्मेदवार वन्दा सो तहका लागि आवश्यक पर्ने न्यूनतम योग्यता वा सोभन्दा माथिल्लो तहमा अध्ययन गरेको मूल विषयमध्ये आफूले रोजेको विषयमा उम्मेदवार वन्न सक्नेछन् ।

५. स्वीकृत स्थायी दरवन्दिमा कार्यरत अस्थायी शिक्षकलाई उमेरको हद नलाग्ने गरी ऐन तथा नियमावलीमा व्यवस्था भएको सन्दर्भमा उमेरको हद नाघेका शिक्षकहरुले सो सुविधा सम्वन्धित (आफू कार्यरत रहेको) तहमा मात्र उपभोग गर्न पाउने छन् । यस्ता शिक्षकहरु आफूले चाहेको अन्य जिल्लामा समेत उम्मेदवार वन्न बाधा पर्ने छैन । तर त्यसरी उम्मेदवार वन्न शिक्षकहरुले आफ्नो नियुक्तिपत्र र आफू कार्यरत रहेको जिल्लाका जिल्ला शिक्षा अधिकारीबाट स्वीकृत दरवन्दीमा कार्यरत रही सेवा अवच्छिन्न रहेको प्रमाणित गराएको कागजात पेश गनुपर्ने छ ।

६.	२०५२ साल र २०६२ सालमा स्थायी शिक्षकद्वारा पदपूर्ति हुँदा विस्थापित भएका शिक्षकलाई उम्मेदवार वन्न उमेरको हद नलाग्ने व्यवस्था भएको सन्दर्भमा त्यस्ता व्यक्तिले आफू विस्थापित भएको तहमा (कुनै पनि जिल्लामा) उम्मेदवार वन्न सक्ने छन् । सोका लागि आफ्नो अस्थायी नियुक्तिपत्रको प्रतिलिपि र विस्थापित शिक्षक भएको व्योहोरा सम्वन्धित जिल्लाका जिल्ला शिक्षा अधिकारीबाट प्रमाणित भएको कागजात दरखास्तको साथमा पेश गर्नुपर्ने छ ।

७.	शिक्षक पदको उम्मेदवार वन्न १८ बर्ष पूरा भई ४० वर्ष उमेर ननाघेको हुनुपर्ने व्यवस्था भएको सन्दर्भमा दरखास्त पेश गरेको मितिसम्म ४० वर्ष उमेर पूरा नभएका व्यक्तिले दरखास्त दिन सक्नेछन् ।

८.	अन्य जिल्लाबाट पिछडिएको क्षेत्रमा विवाह गरेका महिला उम्मेदवारले पिछडिएको क्षेत्रका तोकिएका जिल्लाबाट लिएको नागरिकताको प्रमाणपत्र वा विवाह दर्ताको प्रमाणपत्र र हाल तोकिएका दुर्गम क्षेत्रका जिल्लामा स्थायी बसोवास रहेको कुरा सम्बन्धित स्थानीय निकायले प्रमाणित गरेको पत्र पेश गरेमा पिछडिएको क्षेत्रको उम्मेदवारको रुपमा पनि दरखास्त फाराम भर्न पाउने छन् । साथै दलित र मधेशी समुदायको पुरुषसँग वैवाहिक सम्बन्ध कायम भएका महिलाले अन्य कागजातका अतिरिक्त विवाह दर्ताको प्रमाणपत्र पेश गरेमा सम्बन्धित समावेशी समूहमा पनि दरखास्त दिन सक्नेछन् ।

९.	समावेशीतर्फ अपाङ्गसमूहमा समेत दरखास्त फाराम भर्ने उम्मेदवारले अपाङ्गताको प्रमाणका रुपमा समाजकल्याण परिषद वा प्रमुख जिल्ला अधिकारी वा महिला बालबालिका कार्यालयले दिएको अपाङ्गता परिचय पत्रको प्रतिलिपि पेश गरेमा मान्यता दिनुपर्ने छ ।

१०.	शैक्षिक योग्यताको प्रमाणपत्र र नागरिकताको प्रमाणपत्रमा उमेर फरक परी कुनै एकमा उल्लेखित उमेर ४० बर्ष पूरा भएको सन्दर्भमा शिक्षा नियमावलीको नियम १३१ को उपनियम १ मा भएको व्यवस्थासँग मेल खानेगरी गुर्नपर्ने छ ।

११.	शिक्षा नियमावली २०५९ मा भएको छैटौं संशोधनअनुसार सामुदायिक विद्यालयमा रिक्त स्वीकृत स्थायी शिक्षक दरवन्दीमा करार नियुक्ति पाई कार्यरत रहेका शिक्षकले पनि अस्थायी शिक्षकसरह दरखास्त फाराम भर्न पाउने छन् ।